स्थानीय राजपत्र

जानकी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड : ९ संख्या : १ मिति २०८२/१/२४

भाग-२

# जानकी गाउँपालिकाको मुक्त कमैया, हलिया तथा कम्लहरी पुनःस्थापना कार्यविधि, २०८२

प्रमाणीकरण मिति : २०८२/१/२२

## प्रस्तावना

कमैया, हलिया तथा कम्लहरी प्रथा निषेध गर्न नेपाल सरकारले विभिन्न मितिमा कमैया श्रमीकहरुको मुक्ति घोषणा गरेको छ। नेपालको संविधानको सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीतिमा मुक्त कमैया, हलिया र कम्लहरी लगायतलाई पहिचान गरी बसोबासका लागि घर घडेरी तथा जीविकोपार्जनका लागि कृषियोग्य जमिन र रोजगारीको व्यवस्था गर्दै पुनः स्थापना गर्ने राज्यको नीति रहेको र नेपाल सरकारले विभिन्न मितिमा मुक्त कमैयाहरुको लगत संकलन गरि परिचयपत्र वितरण गरिसकेको भएता पनि विभिन्न कारणवस लगत संकलनको समयमा छुट हुन गएका र

परिचयपत्र प्राप्त भएता पनि पुनःस्थापना हुन नसकेका मुक्त कमैया ,हलिया र कम्लहरीहरुको समस्या समाधान गर्न यस गाउँपालिका क्षेत्रभित्र बसोबास गरिरहेका छुट मुक्त कमैया, हलिया तथा कम्लहरीहरुको पहिचान गरी परिचयपत्र वितरण गर्न र पुनःस्थापना लगायतको कार्यमा सहजीकरण गरि मुक्त कमैया, हलिया तथा कम्लहरी परिवारको जिवनस्तरमा सुधार ल्याउन वाञ्छनिय भएकोले, जानकी गाउँपालिका गाउँ कार्यपालिकाले नेपालको संविधान २०७२ को भाग-४ धारा ५१ को (ञ) (६) को निति अनुरुप जानकी गाउँपालिकाको प्रशासकिय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि बनाएको छ ।

## परिच्छेद -१

### प्रारम्भिक

१. संक्षिप्त नाम र परिचय : (१) यस कार्यविधिको नाम " जननकी गाउँपालिकाको मुक्त कमैया , हलिया तथा कम्लहरी पुनःस्थापना कार्यविधि, २०८२" रहेको छ ।

(२) यो कार्यविधि स्थानिय राजपत्रमा प्रकाशित भएपछि लागु हुने छ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) "परिवार" भन्नाले मुक्त कमैया , हलिया तथा कम्लहरीको बाबु, आमा, पति वा पत्निलाई समेत सम्झनु पर्दछ ।

(ख) "गाउँपालिका" भन्नाले जानकी गाउँपालिका दुर्गौली, कैलालीलाई सम्झनु पर्दछ ।

(ग) "कार्यपालिका" जानकी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

(घ) "मुक्त कमैया, हलिया र कम्लहरी" भन्नाले नेपाल सरकारको विभिन्न मितिको निर्णय बमोजिम मुक्त भई नेपाल सरकारबाट परिचयपत्र प्राप्त गरेका मुक्त कमैया, हलिया तथा मुक्त कम्लहरीलाई सम्झनु पर्छ ।

(ङ) "छुट मुक्त कमैया, हलिया र कम्लहरी" भन्नाले नेपाल सरकारको लगतमा विभिन्न कारणले समावेश हुन नसकी छुट भई यस कार्यविधि बमोजिम परिचयपत्र प्राप्त गर्ने मुक्त कमैया, हलिया र कम्लहरीहरुलाई सम्झनु पर्छ ।

(च) "वडा कार्यालय" भन्नाले जानकी गाउँपालिका अन्तर्गत रहेका वडालाई सम्झनु पर्दछ ।

(छ) "पुनः स्थापना समिति" भन्नाले दफा (९) को (१) बमोजिम गठन भएको जानकी गाउँपालिकाको मुक्त कमैया, हलिया तथा कम्लहरी पुनः स्थापना समितिलाई सम्झनु पर्दछ ।

(ञ) "वडा समिति" भन्नाले दफा (३) को (१) बमोजिम वडा स्तरमा गठन भएको वडास्तरीय मुक्त कमैया सहजीकरण समितिलाई सम्झनु पर्दछ ।

(ट) "विकास साझेदार संस्था" भन्नाले पुनःस्थापना कार्यमा आर्थिक तथा प्राविधिक सहायता उपलब्ध गराउने नेपाल सरकारको स्वीकृति लिई नेपाल भित्र कार्यरत संस्था वा दातृ निकाय लगायत निजि क्षेत्रलाई समेत सम्झनुपर्छ ।

## परिच्छेद -२

## लगत सङ्कलन तथा परिचयत्र वितरण

३. सहजीकरण समिति : (१) वडा स्तरमा छुट मुक्त कमैया, हलिया तथा कम्लहरीहरुको पहिचान, प्रमाणीकरण र सत्यापन गर्ने कार्यमा सहयोग र सहजीकरण गर्ने देहाय बमोजिमको वडास्तरीय छुट मुक्त कमैया, हलिया र कम्लहरी लगत संकलन तथा परिचयत्र वितरण सहजिकरण समिति रहनेछ ।

(क) वडा अध्यक्ष -संयोजक

(ख) वडा सदस्यहरु सबै -सदस्य

(ग) सम्बन्धित वडाको मुक्त कमैया, हलिया र कम्लहरी प्रतिनिधिबाट वडा अध्यक्षले मनोनित गरेको २ जना -सदस्य

(घ) सम्बन्धित वडाको वरघर प्रतिनिधि वडा अध्यक्षले मनोनित गरेको १ जना -सदस्य

(ङ) सम्बन्धित वडाको वडा सचिव -सदस्य सचिव

(२) उपदफा (१) बमोजमको समितिको बैठकमा आवश्यकता अनुसार सम्बन्धित क्षेत्रका विज्ञ तथा वरघरहरुलाई आमन्त्रण गर्न सकिन्छ ।

(३) उपदफा (१)बमोजिमको वडास्तरीय सहजीकरण समितिले देहाय बमोजिम कार्य गर्नेछ :-

(क) वडा कार्यालयमा परेका निवेदनहरु सुरक्षित साथ दर्ता गर्ने र अभिलेख राख्न लगाउने ।

(ख) छुट मुक्त कमैया, हलिया र कम्लहरी पहिचान, प्रमाणीकरण र सत्यापन कार्यमा सहजिकरण गर्ने ।

(ग) विवाद वा समस्या आइपरेमा वडास्तरीय सहजीकरण समितिको बैठक बसि समस्या सामाधान गर्ने ।

(घ) वडास्तरीय सहजीकरण समितिबाट निर्णय गरि सत्यापन गरिएको विवरण प्रमाणीकरणको लागी गाउँ कार्यपालिकामा लेखि पठाउने ।

४. सगत संकलन, वर्गीकरण र सत्यापन : (१) गाउँपालिकाले छुट मुक्त कमैया, हलिया र कम्लहरीहरुको लगत संकलनको लागी निर्देशन वा परिपत्र गरेमा वडा समितिले अनुसुची -२ बमोजिम जानकी गाउँपालिका भित्र स्थायी बसोबास गरिरहेका छुट मुक्त कमैया, हलिया तथा कम्लहरीहरुले परिचयपत्रको लागि निवेदन दिने सम्बन्धी ३० (तिस) दिने सूचना प्रकाशन गर्ने र देहाय अनुसार लगत संकलन कार्य गर्ने ।

(क) नेपाल सरकारले मुक्त कमैया, हलिया तथा कम्लहरीहरुको लगत संकलन तथा परिचयपत्र वितरण गर्दा तत्कालिन अवस्थामा छुट हुन गएका मुक्त कमैया, हलिया तथा कम्लहरीहरुको लगत लिंदा मुक्त कमैयाको हकमा २०५७ श्रावण २ गते ,मुक्त हलियाको हकमा २०६५ साल भाद्र २१ र मुक्त कम्लहरीको हकमा परिचय पत्रको लागि निवेदन खुलाएको म्यादसम्म ४० वर्ष ननाघेको र २०७० असाढ १३ को मितिलाई आधार मानी त्यस अघि देखि कमैया श्रमिकको रुपमा काम गरेको आधार खुल्ने कागजात सहित निवेदन दिएका जानकी गाउँपालिका क्षेत्र भित्र स्थायी बसोवास गरिरहेका व्यक्तिहरुको निवेदन दर्ता गर्ने ।

(ख) विगतमा मुक्त कमैया वा हलियाको रुपमा काम गरेको तर हाल मृत्यु भइसकेको भए निजको परिवारको एकाघर सगोलको एक जना व्यक्तिको नामबाट मात्र निवेदन दिन सकिने ।

(ग) निवेदकलाई अनुसुची- ३ मा रहेको स्वघोषणा राम्ररी पढी दायाँ बायाँ र दस्तखत गर्न लगाउने ।

(घ) निवेदन भराउने कार्यमा साझेदार संस्थाको सहयोग लिन सकिने ।

(२) छुट मुक्त कमैया,हलिया तथा कम्लहरीहरुले सूचना प्रकाशन भएको मितिले ३० दिनभित्र अनुसुची- ३ बमोजिमको ढाँचामा निवेदन सम्बन्धित वडा कार्यालयमा बुझाउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम लगत संकलन कार्य भइसके पश्चात देहाय बमोजिम मुक्त कमैया र हलियाहरुको वर्गीकरण गर्ने :

(क) साबिक लगत सङ्कलनको क्रममा छुट भएका आफ्नो र आफ्नो परिवारको नाममा कतै पनि घर र जग्गा नभएका मुक्त कमैया, हलियालाई "क" वर्ग,

(ख) सरकारी वा सार्वजनिक जग्गामा बसोवास गरेको र आफ्नो वा आफ्नो परिवारको नाममा घर र जग्गा नभएकोलाई "ख" वर्ग,

(४) मुक्त कमैया, हलिया तथा कम्लहरीहरुको निवेदन सङ्कलन र वर्गीकरण कार्य भइसके पश्चात देहाय बमोजिम सत्यापन गर्ने :

(क) मुक्त कमैयाको हकमा मुक्त कमैया पहिचान गर्दा कमैया भएको प्रमाण (भूमिसुधार कार्यालयले उपलब्ध गराएको कमैया निस्सा (चुट्का) लाई आधार मान्ने) वा तत्कालीन गा.वि.स. ले २०५७ साल श्रावण २ गतेभन्दा अगाडी कमैया भएको प्रमाणित गरिदिएको सिफारिस वा निस्सा लगाएतको आधिकारीक प्रमाण वा निजले स्वघोषणामा दिएको निजको बयान, वडाको सिफारिस र निजले कमैया श्रमिकको रुपमा काम गरेको बारे जानकार रहेको तत्कालिन एक जना कमैया काम गरेको व्यक्ति र निजको गाउँ/टोल बरघर समेतको उपस्थिति रहेको सर्जमिन मुचुल्कालाई आधार मान्ने ।

(ख) मुक्त हलियाको हकमा मिति २०६५ साल भाद्र २१ गतेभन्दा अगाडी हलिया काम गरेको भनि तत्कालिन आयोग वा कार्यदलले दिएको निस्सा वा चुट्का लगाएतको आधिकारीक प्रमाण वा निजले स्वघोषणामा दिएको निजको बयान, वडाको सिफारिस र निजले हलिया श्रमिकको रुपमा काम गरेको बारे जानकार रहेको तत्कालिन एक जना हलिया काम गरेको व्यक्ति र निजको गाउँ/टोल बरघर समेतको उपस्थिति रहेको सर्जमिन मुचुल्कालाई आधार मान्ने ।

(ग) मुक्त कम्लहरीको हकमा मिति २०७० साल असाढ १३ गतेभन्दा अगाडी कम्लहरी भएको आधिकारीक प्रमाण वा निजले स्वघोषणामा दिएको निजको बयान, वडाको सिफारिस र निजले मुक्त कम्लहरीको रुपमा काम गरेको बारे जानकार रहेको तत्कालिन एक जना कम्लहरी काम गरेको व्यक्ति र निजको गाउँ/टोल बरघर समेतको उपस्थिति रहेको सर्जमिन मुचुल्कालाई आधार मान्ने ।

(५) वडा कार्यालयले सत्यापन गर्ने प्रयोजनको लागी सूचनाको म्याद भित्र प्राप्त भएका मुक्त कमैया,हलिया तथा कम्लहरीहरुको विवरण तयार गरि ७ दिन भित्र अनुसुची-४ बमोजिमको ७ (सात) दिने सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ ।

(६) वडा कार्यालयले सूचनाको म्यादभित्र उजुरी प्राप्त भएमा छानविन गर्नु पर्नेछ ।

(७) वडा कार्यालयले सत्यापन गर्ने कार्य गरिसके पश्चात अन्तिम सूची प्रकाशन गर्नु पर्नेछ ।

(८) वडा बाट सत्यापन गर्ने का सम्पन्न भए पश्चात वडा समितिको निर्णय गरि सत्यापन गरिएको विवरण प्रमाणीकरणको लागि कार्यपालिकामा पठाउनु पर्नेछ । वडाबाट प्राप्त विवरण कार्यपालिकाले छानविन गरि प्रमाणीकरण गर्नु पर्नेछ ।

(९) दफा ५ बमोजिम परिचयपत्र वितरण गरेका मुक्त कमैया, हलिया तथा कम्लहरीहरुको विवरण नेपाल सरकार वा प्रदेश सरकारको सम्बन्धित निकायले माग गरेमा गाउँपालिकाले उपलब्ध गराउनु पर्नेछ ।

५. परिचयपत्र तयारी र वितरण : कार्यपालिकाबाट मुक्त कमैया , हलिया र कम्लहरीहरुको सूची प्रमाणीकरण भई सकेपछि अनुसुची-१ बमोजिम परिचयपत्र तयारी गरी कार्यालय प्रमुखबाट प्रमाणित गराई सम्बन्धित विषय हेर्ने शाखा वा समबन्धित वडा मार्फत वितरण गर्नुपर्नेछ ।

(क) "क" वर्गका मुक्त कमैया, हलिया तथा कम्लहरीहरुलाई रातो परिचयपत्र,

(ख) "ख" वर्गका मुक्त कमैया, हलिया तथा कम्लहरीहरुलाई निलो परिचयपत्र,

## परिच्छेद -३

### मुक्त कमैया, हलिया तथा कम्लहरीहरुको पुनःस्थापना

६. सुरक्षित आवास निर्माण: (१) गाउँपालिकाले जग्गा प्राप्त गरेका वा जग्गा प्राप्त गर्न सुनिश्चित भएका आवासविहीन मुक्त कमैया, हलिया तथा कम्लहरीलाई एक पटकका लागि सुरक्षित आवास निर्माणको लागि पहल गर्नेछ ।

(क) नेपाल सरकार वा यस कार्यविधि बमोजिम परिचयपत्र प्राप्त गरी हालसम्म कुनै पनि निकायबाट घर निर्माणमा सहयोग प्राप्त नगरेका वा पुनःस्थापना हुन नसकेका आवासविहीन मुक्त कमैया, हलिया तथा कम्लहरी ।

(ख) नेपाल सरकार वा यस कार्यविधि बमोजिम परिचयपत्र प्राप्त गरी हालसम्म पनि एक्लै बस्दै आएका अभिभावक विहीन, आवास विहीन तथा अविवाहित वा बिहे गरेको भएता पनि पति समेत भूमिहीन वा आवासविहीन भएका मुक्त कम्लहरी ।

(२) घर निर्माणका लागी लाभग्राही छनौट तथा सिफारिस देहाय बमोजिम गरिनेछ :

(क) गाउँपालिकाले मुक्त कमैया, हलिया तथा कम्लहरीहरुको आवास निर्माणका लागि आवास निर्माणको क्षेत्रमा काम गरि रहेको सम्बन्धित निकाय वा संघ संस्थाहरसंग समन्वय गरी लाभग्राही छनौट गरी सिफारिस गर्नु पर्नेछ । गाउँपालिकाले छुट्टै कार्यक्रम बनाएर पनि आवास निर्माण गरिदिन सक्नेछ ।

(ख) उपदफा (२) को खण्ड (क) बमोजिम छनौट वा सिफारिस गर्दा जोखिमयुक्त ठाउँमा बसेका, एकल महिला वा बृद्ध, शिविरमा बसेका, एकै स्थानमा पाँच वा सोभन्दा बढी परिवार बसेका र आवास निर्माणको लागि जग्गा भएका मुक्त कमैया, हलिया तथा कम्लहरीलाई प्राथमिक्ता दिई छनौट तथा सिफारिस गर्नु पर्नेछ ।

(ग) सिफारिस गर्दा मुक्त कमैया, हलिया वा कम्लहरीको परिचयपत्र प्राप्त गरेका, जग्गाधनी दर्ता प्रमाणपुर्जा भएका वा ऐलानी, पर्ती, नदी उकास लगायतका क्षेत्रमा कम्तीमा १० वर्ष अघिदेखि बसोबास गरि भूमि आयोगबाट निस्सा प्राप्त गरेकालाई मात्र गर्नु पर्ने ।

(घ) सिफारिस गर्दा स्थलगत अनुगमन समेत गरी सिफारिस गर्नु पर्ने ।
(ङ) आवास निर्माण प्रकृयामा गाउँपालिकाले साझेदारी गर्न सक्ने छ वा आवश्यक प्राविधिक सहयोग गर्न सक्नेछ ।

७. जग्गा व्यवस्थापन : (१) गाउँपालिकाले नेपाल सरकार बाट परिचयपत्र प्राप्त गरेका वा यस कार्यविधि बमोजिम परिचयपत्र प्राप्त गर्ने "क" र "ख" वर्गका भूमिहीन मुक्त कमैया, हलिया तथा कम्लहरीलाई एक पटकका लागि सरकारको नियमानुसार देहाय बमोजिम जग्गा उपलब्ध गराउन सम्बन्धित निकायसंग पहल गर्नेछ

(क) भूमिहीन मुक्त कमैया, हलिया तथा कम्लहरी परिवारलाई भोगचलन भित्र रहेको प्रचलित कानुन बमोजिम उपलब्ध गराउन मिल्ने जग्गा नापजाँच गरी लालपुर्जा प्राप्तिका लागि सम्बन्धित निकाय वा भूमि सम्बन्धी आयोगसंग पहल गर्नु पर्नेछ ।
(ख) मुक्त कमैया, हलियाले नेपाल सरकारबाट जग्गाधनी दर्ता प्रमाण पुर्जा प्राप्त गरी भोगचलन गर्न नपाएका जग्गाहरु सम्बन्धी छानविन गर्न सम्बन्धित निकायहरुमा पहल गर्नु पर्नेछ ।
(ग) नेपाल सरकारबाट मुक्त कमैया, हलियाले प्राप्त गरेको जग्गा जोखिम युक्त क्षेत्र वा घर बनाउन उपयुक्त नरहेमा उपयुक्त वैकल्पिक व्यवस्थाको लागि सम्बन्धित निकायमा पहल गर्नु पर्नेछ ।

८. शिक्षा,स्वास्थ्य तथा सिप विकास सम्बन्धी कार्यक्रम:
(१) गाउँपालिकाले परिचयपत्र प्राप्त मुक्त कमैया,हलिया र कम्लहरी परिवारका बालबालीकाहरुको शिक्षामा पहुँचका लागि उच्च शिक्षा र प्राविधिक तथा व्यवसायिक शिक्षाको लागि सहयोग हुने कार्यक्रमहरु संचालन गर्न सक्नेछ ।
(२) गाउँपालिका र वडाबाट संचालन हुने लोक सेवा, शिक्षक सेवा जस्तै सरकारी सेवामा प्रवेश हुने तयारी कक्षामा मुक्त कमैया, हलिया तथा कम्लहरी परिवारका बालबालिकाहरुको लागि छुट्टै कोटा निर्धारण गर्न सक्नेछ ।
(३) गाउँपालिकाले मुक्त कमैया,हलिया र कम्लहरी परिवारका लागि निःशुल्क वा साझेदारी हुने गरी स्वास्थ्य ...मा कार्यक्रम ल्याउन सक्नेछ ।
(४) गाउँपालिकाले गाउँपालिका र वडाहरुमा सञ्चालन हुने सिपमुलक तथा रोजगार प्रवर्द्धन गर्ने कार्यक्रममा मुक्त कमैया, हलिया तथा कम्लहरीहरुको लागि निश्चित कोटा निर्धारण गर्न सक्नेछ
(५) गाउँपालिकाले आर्थिक विकास सम्बन्धी योजना तर्जुमा गर्दा मुक्त कमैया, हलिया तथा कम्लहरीहरुलाई समेत लक्षित गरी योजना तर्जुमा गर्नु पर्नेछ ।

९. पुनःस्थापना समिति : (१) पुनःस्थापना सम्बन्धी कार्य गर्न गाउँपालिकामा देहायबमोजिम जानकी गाउँपालिकाको मुक्त कमैया, हलिया तथा कम्लहरी पुनःस्थापना समिति रहनेछ ।

(क) गाउँपालिका अध्यक्ष - संयोजक

(ख) गाउँपालिका उपाध्यक्ष - उपसंयोजक

(ग) मुक्त कमैया/जनजाती तथा अल्पसंख्यक कार्यपालिका सदस्य १ महिला सहित संयोजकले मनोनित गरेको २ जना -सदस्य

(घ) मुक्त कमैया,हलिया र मुक्त कम्लहरी प्रतिनिधिबाट संयोजकले मनोनित गरेको १ जना - सदस्य

(ङ) प्रशासन शाखा प्रमुख - सदस्य

(च) सामाजिक विकास शाखा प्रमुख - सदस्य

(छ) भुमि सम्बन्धी विषय हेर्ने शाखा प्रमुख - सदस्य

(ज) प्रमुख प्रशासकिय अधिकृत - सदस्य सचिव

(२) उपदफा (१) बमोजिम गठन भएको मुक्त कमैया, हलिया तथा कम्लहरी पुनःस्थापना समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) २०५७ सालको मुक्त कमैया लगत बमोजिम "क" र "ख" वर्गको परिचयपत्र प्राप्त गरेका तर जग्गा नपाएका वा जग्गा प्राप्त गरेका तर विभिन्न कारणले जग्गा भोग गर्न नपाएका परिवारहरुको विवरण एकिन गरि अध्यावधिक गर्न लगाउने ।

(ख) "क" वर्गका भूमिहीन मुक्त कमैया, हलिया र कम्लहरीहरुको बसोबासका लागि जग्गा पहिचानको लागि प्रदेश सरकार र भूमि आयोग संग पहल गर्ने ।

(ग) आफ्नो र आफ्नो परिवारको नाममा कहीं पनि दर्ता वाला जग्गा नभएका सरकारी, सार्वजनिक वा ऐलानी प्रति जग्गामा बसोबास गरिरहेका भूमि आयोग बाट निस्सा प्राप्त गरेका "ख" वर्गका मुक्त कमैया र हलिया परिवारलाई नेपाल सरकारले तोकेबमोजिम जग्गा र लालपुर्जा वितरणको लागि सिफारिस गर्ने ।

(घ) नेपाल सरकार र प्रदेश सरकारले विभिन्न मितिमा मुक्त कमैया, हलिया तथा कम्लहरी परिवारलाई दिने सेवा सुविधाको निर्णयलाई कार्यान्वयन गराउन पहल गर्ने ।

(ङ) नेपाल सरकारले विभिन्न मितिमा परिचयपत्र वितरण गर्दा तत्कालिन समयमा विभिन्न कारणबस परिचयपत्र पाउन छुटेका छुट मुक्त कमैया, हलिया तथा कम्लहरीहरुको लगत संकलन कार्यको लागि वडास्तरीय समितिलाई निर्देशन दिने ।

(च) परिचयपत्र पाउन बाँकी मुक्त कमैया, हलिया तथा कम्लहरी पहिचान गरि परिचयपत्र वितरणको व्यवस्था मिलाउने ।



CamScanner

विविध

१०. झुट्टा विवरण पेश गरेमा कारबाही हुने :- यस कार्यविधि बमोजिम पाईने सुविधा प्राप्त गर्ने उद्देश्यले कसैले झुट्टा विवरण पेश गरेको लिखित वा मौखिक जानकारी प्राप्त भएमा समितिले तत्काल छानबिन गरी परिचयपत्र खारेज गर्न र प्रचलित कानुन बमोजिम कारवाहीका लागी सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ।

११. बाधा अड्काउ परेमा :- यस कार्यविधि बमोजिम कुनै कार्य गर्दा द्विविधा भई बाधा उत्पन्न भएमा पुनःस्थापना समितिले बाधा अड्काउ फुकाउनेछ।

१२. परिचयपत्रको प्रतिलिपि दिने : कुनै श्रमिकले श्रमिक परिचय-पत्र हराए वा नासिएको कारणबाट श्रमिक परिचयपत्रको प्रतिलिपि पाउन निवेदन गरेमा कार्यालयबाट अभिलेखको आधारमा शुल्क लिई तोकिएको ढाँचामा प्रतिलिपि दिनु पर्नेछ।

१३. परिचयपत्र खारेजी सम्बन्धी व्यवस्था: कुनै कमैया श्रमिकले झुठठा विवरण दिई जानकी गाँउपालिका बाट मुक्त कमैया,हलिया तथा कम्लहरी परिचयपत्र प्राप्त गरेको लिखित वा मौखिक जानकारी प्राप्त भएमा पालिकाको न्यायिक समितिले आवश्यक जाँचबुझ गरि झुठ्ठा देखिएमा कमैया श्रमीकले प्राप्त गरेको परिचयपत्र खारेज गरि प्रदान गरिएको सबै सेवा सुविधा भराई लिन सक्नेछ। परिचयपत्रको आधारमा कुनै सेवा सुविधा पाउने क्रममा रहेको भए सेवा सुविधा रोक्का राख्न सक्नेछ। परिचयपत्र खारेज गर्नु अघि निजलाई एक पटकका लागि सुनुवाईको मौका दिनु पर्नेछ।

१४. प्रचलित कानुन बमोजिम हुने :- यस कार्यविधिमा लेखिएका विषयमा यसै बमोजिम र अन्य कुराका हकमा प्रचलित कानुन बमोजिम हुनेछ।

## अनुसुची-१
## परिचयपत्रको ढाँचा
## (दफा ५ संग सम्वन्धित)

### अग्र भाग

जानकी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
दुर्गौली, कैलाली
सुदुरपश्चिम प्रदेश, नेपाल
<u>मुक्त कमैया/हलिया/ कम्लहरी परिचयपत्र</u>

नामः- ..............................................
वर्ग :-..............................................
रक्त समूह :-......................................
ठेगाना : जानकी गाउँपालिका वडा नं...........
नागरिकता नं.:- ..................................

..................
प्रमाणित गर्नेको सही

### पृष्ठ भाग

बाबु/आमाको नाम :-.......................
पति/पत्नीको नाम :-...............
परिवार संख्या :-........................
परिचयपत्र पाउनेको हस्ताक्षर :-
पारिवारिक विवरण :-

*(नोट : यो परिचयपत्र कसैले भेटाएमा जानकी गाउँपालिका दुर्गौली, कैलाली वा सम्बन्धित वडा कार्यालयमा बुझाइ सहयोग गरिदिन अनुरोध छ।)*

## अनुसुची-२
## लगत संकलन सम्बन्धी सूचनाको ढाँचा
## (दफा ४ को उपदफा (१) संग सम्बन्धित)

जानकी गाउँपालिका
...नं वडा कार्यालय
सुदुरपश्चिम प्रदेश

### छुट मुक्त कमैया, हलिया तथा कम्लहरीहरुले परिचयपत्रको लागि निवेदन दिने सम्बन्धी ३० (तिस) दिने सुचना

नेपाल सरकारबाट विभिन्न मितिमा मुक्त घोषणा भई हालसम्म पनि परिचयपत्र प्राप्त गर्न नसकेका यस वडामा स्थायी बसोबास गरेका मुक्त कमैया, हलिया तथा कम्लहरी स्वयम् वा निजको पति वा पत्नीले जानकी गाउँपालिकाको मुक्त कमैया, हलिया तथा कम्लहरी पुनःस्थापना कार्यविधि, २०८१ को दफा ४ को (२) बमोजिम यो सूचना प्रकाशन भएको मितिले ३० (तिस) दिनभित्र वडा कार्यालयमा अनुसूची-३ बमोजिमको ढाँचामा आवश्यक प्रमाण सहित निवेदन पेश गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ।

निवेदन साथ पेश गर्नुपर्ने कागजात तथा प्रमाणहरु

१. परिवारमूली र नागरिकता प्राप्त सबै सदस्यहरुको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि (अनिवार्य),
२. मुक्त कमैयाको हकमा मिति २०५७ साल श्रावण २ गतेभन्दा अगाडी कमैया बसेको प्रमाण, मुक्त हलियाको लागि मिति २०६५ साल भाद्र २१ गतेभन्दा अगाडी हलिया भएको प्रमाण र मुक्त कम्लहरीको हकमा मिति २०७० साल असार १३ गतेभन्दा अगाडी कम्हलरी भएको आधिकारीक प्रमाण।
३. मृत्यु भएकाको हकमा मृत्यु दर्ता प्रमाण पत्र र नाता प्रमाणितको प्रतिलिपि।
४. अन्य आधिकारीक प्रमाण।

# अनुसूची-३
# निवेदनको ढाँचा
## (दफा ४ को उपदफा (२) संग सम्बन्धित)

श्रीमान् वडा अध्यक्षज्यू,
.......नं वडा कार्यालय

विषय :- परिचयपत्र सम्बन्धमा ।

उपरोक्त विषयमा तहाँ स्थानीय तहबाट मिति .............................. मा प्रकाशित मुक्त कमैया, हलिया तथा कम्लहरीहरूले परिचयपत्रको लागी निवेदन दिने सम्बन्धी सूचना अनुसार मुक्त कमैया/हलिया/कम्लहरी पि/चयपत्र प्राप्तिको लागि देहाय बमोजिमको विवरणहरु सहित यो निवेदन पेश गरेको छु ।

| | | | |
|---|---|---|---|
| (१.१)निवेदकको नाम,थर | | (१.२)नागरिकता प्र.प.नं./ जारी मिति/जिल्ला | |
| (१.३) बाबुको नाम, थर | | (१.४) आमाको नाम, थर | |
| (१.५) पति/पत्नीको नाम, थर | | (१.६)पति/पत्नीको ना.प्र.प.नं./ जारी मिति/जिल्ला | |
| (१.७)बाजे/ससुराको नाम, थर | | (१.८)जन्मस्थान (प्रदेश/जिल्ला) | |
| (१.९)साविक गा.वि.स. /वडा/गाउँ/टोल | | (१.१०)हालको ठेगाना (प्रदेश/ जिल्ला) | |
| (१.११)हालको गा.पा./न.पा./वडा/टोल) | | (१.१२) राष्ट्रिय परिचयपत्र नं. | |
| (१.१३)मुक्त कमैया/ हलिया / कम्लहरी बसेको अवधि (...देखी...सम्म) | | (१.१४) मुक्त कमैया/ हलिया / कम्लहरी बसेको स्थान | |
| (१.१५) मुक्त कमैया/ हलिया / कम्लहरी बसेको मालिकको नाम र सम्पर्क नम्बर | | (१.१५) निवेदकको सम्पर्क नम्बर | |

## २. परिवारका सदस्यहरुको विवरण

| क्र.सं. | नाम,थर | लिङ्ग | पूरा उमेर | नागरिकता नं. (भए) | पेसा | परिवारमूलीको नाता |
|---|---|---|---|---|---|---|
| १. | | | | | | निवेदक आफै |
| २. | | | | | | |
| ३. | | | | | | |



CamScanner

३. हाल बसोबास वा आवाद कमोत गरीरहेको र भूमि आयोगबाट निस्सा पाएको भए सो जग्गाको विवरण (बसोबास र आवाद कमोत छुट्टाछुट्टै ठाउँमा भएमा प्रत्येक ठाउँको विवरण क्रमशः) :

| जग्गा रहेको स्थान सम्बन्धी विवरण | | | भूमि आयोग बाट प्राप्त निस्सा सम्बन्धी विवरण | | | आवाद कमोतको अवधि | कैफियत |
|---|---|---|---|---|---|---|---|
| गा.पा./न.पा. | वडा | टोल | क्षेत्रफल | जग्गाको प्रकृति(बसोबास/कृषि) | कित्ता कोड | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

*(नोट- कुनै जग्गामा बसोबास वा आवाद कमोत नगरेको र भूमिहीन भए यो विवरण उल्लेख गर्नु नपर्ने र कैफियतमा भूमिहीन जनाइदिने ।)*

४. स्वघोषणा :

(१) म र मेरो परिवारले हालसम्म कुनै पनि निकायबाट मुक्त कमैया/हलिया/कम्लहरीको परिचयपत्र प्राप्त गरेको छैन ।

(२) म र मेरो परिवारको नाममा नेपाल अधिराज्यभर कहीं कतै जग्गाधनी प्रमाण पुर्जा भएको जग्गा छैन । म र मेरो परिवारको आम्दानीले जग्गा खरिद गर्ने क्षमता छैन । म र मेरो परिवारले अंश बापत जग्गा प्राप्त गर्ने कुनै आधार र संभावना छैन । म र मेरो परिवारले हालसम्म मुक्त कमैया/हलिया/कम्लहरीको रुपमा नेपाल सरकार बाट कुनै किसिमको जग्गा प्राप्त गरेको छैन ।

(३) म र मेरो परिवारले हालसम्म मुक्त कमैया/हलिया/कम्लहरीको रुपमा राज्यबाट कुनै किसिमको सुविधा प्राप्त गरेको छैन ।

(४) मैले र मेरो परिवारले नाममा रहेको सम्पूर्ण जग्गा कहिले पनि बिक्रि वा हक हस्तान्तरण गरेको छैन ।

(५) मैले माथि उल्लेख गरेको व्यहोरा ठिक साँचो हो । झुठ्ठा ठहरे कानूनबमोजिम सहुँला बुझाउँला ।

| औंठा छाप | |
|---|---|
| दायाँ | बायाँ |
| | |

भवदीय

परिवारमूलीको दस्तखत :

मिति :................/.........../..........

संलग्न कागजातहरु :-

१. परिवारमूली र नागरिकता प्राप्त सबै सदस्यहरुको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि (अनिवार्य),

२. मुक्त कमैया/हलिया/कम्लहरी भएको प्रमाण/चुट्का (भए)

३. अन्य प्रमाणहरु.................................



CamScanner

## अनुसूची-४

## दावी विरोध सूचनाको ढाँचा

### (दफा ४ को उपदफा (५) संग सम्बन्धित)

जानकी गाउँपालिका
...नं वडा कार्यालय
सुदुरपश्चिम प्रदेश

<u>**७ (सात) दिने सार्वजनिक सूचना प्रकाशन गरिएको सम्बन्धमा**</u>

यस वडा कार्यालयबाट मिति २०.../.../.... मा प्रकाशित भएको सूचना बमोजिम मुक्त कमैया, हलिया तथा कम्लहरी परिचयपत्र प्राप्तिका लागि तपसिल बमोजिमका व्यक्तिहरुले निवेदन पेश गरेकोले उक्त विवरणमा भएका निवेदकहरु मध्ये कुनै व्यक्ति परिचयपत्र प्राप्त गर्न अयोग्य रहेको देखिएमा यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र वडा कार्यालयमा प्रमाण सहित लिखित रुपमा दावी विरोध वा उजुरी गर्नु होला । अन्यथा यसै बमोजिम हुने व्यहोरा समेत जानकारी गराइन्छ ।

तपसिल :-

| सि. नं | नाम | ठेगाना | ना.प्र.प. नं. | बाबु/आमाको नाम | बाजे/ससुरा | कमैया,हलिया वा कम्लहरी बसेको अवधि | | कमैया/हलिया/कम्लहरी बसेको स्थान | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | .......देखी | .......सम्म | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

आज्ञाले,
आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत



CamScanner